संघीय संसद
राष्ट्रिय सभा
बाह्रौं अधिवेशन
बैठक -३३
सूचनापत्र -२
(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : ११:०० बजे*
*बैठक अन्त्य : १२:२० बजे*

२०७९ असार २३, बिहीबार (पहिलो)

---

संघीय संसद, राष्ट्रिय सभाको बाह्रौं अधिवेशनको **तेत्तिसौं बैठक** सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा **बिहान ११:००** बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले **"शून्य समय"** मा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहाय बमोजिमका माननीय सदस्यहरूलाई बोल्नका लागि समय उपलब्ध गराउनुभयो:

**माननीय उदय बहादुर बोहोरा**ले तरकारी लगायतका कृषि उत्पादनमा विषादीको अत्यधिक प्रयोगले मानव स्वास्थ्यमा असर गर्ने भएकाले यसको रोकथाम र नियन्त्रणका गर्न सरकार समक्ष माग गर्नुभयो।

**माननीय दुर्गा गरूङ**ले स्थानीय तहको बजेट समयमै ल्याउने वातावण निर्माणका लागि संघ तथा प्रदेश सरकारले समन्वय गर्नु पर्ने विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**माननीय मोहम्मद खालिद**ले रासायनिक मल सम्बन्धमा प्रदेशमा प्रत्यायोजित अधिकार प्रयोग गर्ने वातावरण निर्माण गर्न सरकार समक्ष माग गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले "शून्य समय" मा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुहुँदै **"विशेष समय"** मा बोल्नको लागि दलीय आधारमा प्राप्त नामावली अनुसार क्रमाशः देहाय बमोजिमका माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउनुभयो:

**माननीय नारायण दत्त मिश्र**ले वर्षातको समयमा बाढी पहिरो लगायतका प्राकृतिक विपद आउने र यस्ता विपद व्यवस्थापनका लागि विपद व्यवस्थापन सेना गठन गर्नुपर्ने सुझाव प्रदान गर्नुभयो ।

**माननीय खिमलाल भट्टराई**ले पुनर्गठित मन्त्रीपरिषदमा मन्त्री नियुक्त हुनुभएका राष्ट्रिय सभाका माननीय सदस्य मृगेन्द्र कुमार सिंह यादव लगायत नवनियुक्त माननीय मन्त्रीहरूलाई बधाई तथा सुभकामना व्यक्त गर्नुहुँदै सरकारले नागरिक विधेयक फिर्ता गरेको सम्बन्धमा गृह मन्त्रबाट जवाफ माग गर्नुभयो । उहाँले मधेशमा अघोषित लोडसेडिङ रहेको साथै न्यून भोल्टेजमा बिजुली आउँदा विद्युतीय साधन सञ्चालनमा बधा पुगेको सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**माननीय उर्मिला अर्याल**ले पहाडी क्षेत्रमा सडकको अवस्था नाजुक भएको, पीच बाटो नभएको, साँघुरो बाटो लगायतका कारण सडक दुर्घटना बढेको बारेमा सरकारको ध्यानाकर्षण गराउनुहुँदै सडक

नियमन र व्यवस्थापन गर्न संघीय, प्रदेश र स्थानीय सरकारको समन्वय गरी समस्याको समाधान गर्नु पर्ने माग गर्नुभयो।

**माननीय जयन्ती देवी राई**ले सवारी दुर्घटनाका दिनानुदिन बढेको सम्बन्धमा सम्बन्धमा सरकरको ध्यान नगएको आरोप लगाउनुहुँदै मौजुदा सवारी कानुनको प्रभावकारी कार्यान्वियन र नियमन तथा व्यवस्थापन गर्न सरकार समक्ष माग गर्नुभयो ।

**माननीय प्रमिला कुमारी**ले संघीयता कार्यान्वयन सम्बन्धमा देखिएका समस्याहरूको सम्बन्धमा सरकारको ध्यान आकृष्ट गराउनुयभयो ।

**माननीय सुमित्रा बि.सी.** ले अर्थमन्त्री र **CCTV Footage** का सम्बन्धमा भएको तीन महिना सम्म सुरक्षित राख्नु पर्ने कानूनी व्यवस्था कार्यान्वयन नभएको सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**माननीय युवराज शर्मा**ले मिटरब्याजीहरूको सुव्यवस्थापन गर्नका लागि सरकारको ध्यानाकरर्षण गराउनु भयो । उहाँले मेलम्ची खानेपानी आयोजनाबाट काठमाडौंबासीले पूर्णरूपमा कहिलेदेखि पिउन पाउने हो? यस सम्बन्धमा सम्बन्धित निकायको जावफ माग गर्नुभयो ।

त्यसपछि सम्मानननीय अध्यक्षले **"विशेष समय"** मा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात सम्माननीय अध्यक्षले राष्ट्रपतिको कार्यालयबाट मन्त्रिपरिषद्को गठन सम्बन्धी प्राप्त पत्रको व्यहोरा निम्नानुसार पढेर सुनाउनुभयो :

"विषयः मन्त्रिपरिषद्को गठन सम्बन्धमा।

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यूको नेतृत्वमा मिति २०७८/०३/२९ गते गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानको धारा ७६ को उपधारा (९) तथा धारा ७८ को उपधारा (१) बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा देहायअनुसार नियुक्ति, हेरफेर र कार्यविभाजन गर्नुभएको व्यहोरा अनुरोध गर्दछु।

| क्र.सं. | नामथर , | पदनाम | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री शेरबहादुर देउवा | प्रधानमन्त्री | रक्षा |
| २. | श्री बालकृष्ण खाँण | मन्त्री | गृह |
| ३. | श्री ज्ञानेन्द्रबहादुर कार्की | मन्त्री | सञ्चार तथा सूचना प्रविधि |
| ४. | श्री पम्फा भुसाल | मन्त्री | ऊर्जा, जलस्रोत तथा सिँचाई |
| ५. | श्री राजेन्द्रप्रसाद श्रेष्ठ | मन्त्री | सङ्घीय मामिला तथा सामान्य प्रशासन |
| ६. | श्री जनार्दन शर्मा | मन्त्री | अर्थ |
| ७. | श्री उमाकान्त चौधरी | मन्त्री | खानेपानी |
| ८. | डा. नारायण खड्का | मन्त्री | परराष्ट्र |

| | | | |
|---|---|---|---|
| ९. | श्री मृगेन्द्रकुमार सिंह यादव | मन्त्री | कृषि तथा पशुपंक्षी विकास |
| १०. | श्री मोहम्मद इश्तियाक राई | मन्त्री | भौतिक पूर्वाधार तथा यातायात |
| ११. | श्री दिलेन्द्रप्रसाद बडू | मन्त्री | उद्योग, वाणिज्य तथा आपूर्ति |
| १२. | श्री देवेन्द्र पौडेल | मन्त्री | शिक्षा, विज्ञान तथा प्रविधि |
| १३. | श्री उमा रेग्मी | मन्त्री | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक |
| १४. | श्री शशी श्रेष्ठ | मन्त्री | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण |
| १५. | श्री महेश्वरजंग गहतराज | मन्त्री | युवा तथा खेलकुद |
| १६. | श्री गोविन्द प्रसाद शर्मा (कोइराला) | मन्त्री | कानुन, न्याय तथा संसदीय मामिला |
| १७. | श्री जीवनराम श्रेष्ठ | मन्त्री | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन |
| १८. | श्री मेटमणि चौधरी | मन्त्री | सहरी विकास |
| १९. | श्री भवानी प्रसाद खापुङ | मन्त्री | स्वास्थ्य तथा जनसङ्ख्या |
| २०. | श्री शेरबहादुर कुँवर | मन्त्री | श्रम, रोजगार तथा सामाजिक सुरक्षा |
| २१. | श्री प्रदीप यादव | मन्त्री | वन तथा वातावरण |
| २२. | श्री उमेश श्रेष्ठ | राज्यमन्त्री | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २३. | श्री बोधमायाकुमारी यादव | राज्यमन्त्री | शिक्षा, विज्ञान तथा प्रविधि |
| २४. | श्री हिराचन्द्र के.सी. | राज्यमन्त्री | स्वास्थ्य तथा जनसङ्ख्या |

डा. तोय नारायण ज्ञावली
सचिव

मितिः २०७९/०३/२०"

तदुपरान्त सम्माननीय अध्यक्षले राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयाललाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त **"मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६"** र **"तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) विधेयक, २०७९"** लाई सभा समक्ष टेबुल गर्न समय उपलब्ध गराउनुभएपछि राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयालले उक्त विधेयकहरू टेबुल गर्नुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **२०७९ साल असार २३ गते बिहीबार अपराह्न १२:३५ बजे** बस्ने गरी सो बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(डा. भरतराज गौतम)
संघीय संसदको महासचिव